आज मिति २०७६ साल चैत्र २१ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ७३ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पौंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चुडामणि शर्मा गौतम | प्रमुख प्रशासकीय अधिकृत | |

## नगरकार्यपालिकाको मिति २०७६/१२/२१ गतेको ७३ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

आपूर्ति व्यवस्थपन सम्बन्धमा

कोभिड -१९ को कारण प्रभावित व्यक्तिहरुका साथै असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड , २०७६" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

राहत वितरण सम्वन्धमा

आपूर्ति व्यवस्थपनलाई सहज बनाई दैनिक उपभोग्य सामाग्रीहरु कमी हुन नदिन गृह मन्त्रालय, माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय बमोजिम प्रत्येक वडामा वडाअध्क्षको संयोजकत्वमा स्थानीय प्रहरीको प्रतिनिधित्व हुने गरि वडा स्तरीय आपूर्ति व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरक्षेत्रमा वितरण हुने राहत सामाग्रीमा एकरुपता ल्याउने गरि प्रत्येक वडाबाट प्राप्त हुन आएको हालको अवस्थामा स्थानीय सरकारले संरक्षण (राहत) प्रदान गर्नुपर्ने आश्रीत घरधुरीको फारम लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

संघ संस्थाबाट प्राप्त हुने सहयोग सम्बन्धमा :

अहिलेको विषम परिस्थितिमा कुनै संघ/संस्था वा व्यक्तिले सहयोग गर्न चाहेमा सो सहयोग एकद्धार प्रणालीमार्फत संचालन गर्ने गरि नगरपालिकामा एकत्रित गर्ने र सबै वडालाई समानुपातिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रत्येक वडालाइ यस अघिको बैठकबाट विनियोजित गरिएको रु २ लाख रकम कोरोना भाइरस प्रतिकार्य योजना अनुसारको उद्देश्यमा खर्च गर्न वडा कार्यसमिति एवं आपूर्ति व्यवस्थापन समितिको समन्वय र परामर्शमा मितव्ययिता,औचित्यता र पारदर्शिता समेतलाई मध्यनजर राखि प्रचलित कानुन बमोजिम हुने गरि खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

गण्डकी प्रदेश सरकारबाट यस न.पा.लाई प्राप्त हुन आएको रकम रु १० लाख रुपैया सञ्चित कोषमा दाखिला गर्ने र सो कार्यको लागि कोरोना भाइरसको प्रकोप रोकथाम एवं नियन्त्रण गर्ने यस अघि छुटाइएको आपतकालिन उद्धार कोषबाट रु.१५ लाख जम्मा गरी राहत वितरण प्रयोजनका लागि कोभिड-१९ को कारण प्रभावित व्यक्तिहरुका साथै असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड बमोजिम राहत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

मिति २०७६।१२।१३ गतेको ७२ औं कार्यपालिका बैठकको निर्णय नं १० बमोजिम गठीत नगरस्तरीय निर्देशन समिति सदस्यमा नगर उपप्रमुख ज्ञानु शाह र शिक्षा उपसचिव ठाकुर जी तिवारीलाई थप गर्ने निर्णय गरियो ।